नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhdurbar, Kathmandu, Nepal

# अकबरे खुर्सानी खेती पात्रो (Akbare Chilli Cropping Calendar)

| महिना | बैशाख | | | | जेष्ठ | | | | आषाढ | | | | श्रावण | | | | भाद्र | | | | आश्विन | | | | कार्तिक | | | | मंसिर | | | | पौष | | | | माघ | | | | फाल्गुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |  | | | |


लाइनमा लगाइएको


उकेरा, गोड्मेल र मलखाद व्यवस्थापन


मलखाद र सिंचाई व्यवस्थापन


रोग र कीरा व्यवस्थापन


बजारीकरणको लागि तयारी अवस्था

## खुर्सानी

खुर्सानी खेती नेपालको तराई देखि मध्य पहाडसम्म सफलतापूर्वक गर्न सकिन्छ। यसको खेती व्यवसायिक रुपमा विस्तारको सम्भावना प्रबल रहेको छ। नेपालमा वर्षेनी ७२००० टन खुर्सानीको माग रहे पनि यसको आपूर्तिको अधिकांश भाग भारतबाट आयात गरिन्छ। नेपालमा अन्य पिरो खुर्सानीको खेती गरिए तापनि अकबरे खुर्सानीको हरियो र सुकेको राम्रो मूल्यमा विक्री हुने भएकोले यसको खेतीबाट प्रशस्त आम्दानी लिन सकिन्छ। अकबरे खुर्सानीलाई ठाउँ अनुसार डल्ले, ज्यानमारा, रागे र अकबरे भनेर चिनिन्छ।



## माटो

पानी नजम्ने चिम्टाइलो दोमट माटो यस खेतीको लागि उत्तम मानिन्छ। वलौटे दोमट माटोमा गोबरमल प्रशस्त राखेर पनि यसको खेती गर्न सकिन्छ। सिंचाईको राम्रो प्रबन्ध भएको माटोको पि.एच. ५.५ देखि ६.५ सम्म भएको खेतमा यसको उत्पादन राम्रो हुन्छ।





## हावापानी

अकबरे खुर्सानीको सफल खेती गर्मी र न्यानो मौसममा गरिन्छ। तुषारो नसहने र न्यूनतम तापक्रम ५ डिग्रि सेन्टिग्रेड भन्दा कम हुँदा यसको राम्रो बृद्धि हुन पाउँदैन। तापक्रम १८ डिग्रि सेन्टिग्रेड र २२ डिग्रि सेन्टिग्रेडको बिचमा यो खुर्सानीको बृद्धि र विकास राम्रो हुन्छ तर ३५ डिग्रि सेन्टिग्रेड भन्दा बढी तापक्रम भएमा फल लाग्दैन र १० डिग्रि सेन्टिग्रेड भन्दा कम तापक्रम भएमा फलको आकार बिग्रिने हुन्छ।

## बाली लगाउने समय

| क्षेत्र | बीउ राख्ने समय | बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|---|
| तराई | साउन-भाद्र | भाद्र-असोज | मंसिर-फागुन |
| पहाड (मौसमी) | कार्तिक-फागुन | फागुन-चैत्र | जेष्ठ-असार |
| पहाड (बेमौसमी उत्पादन) | असार-साउन | साउन-भाद्र | असोज-कार्तिक |
| उच्च पहाड | फागुन-चैत्र | चैत्र-बैशाख | असार-भाद्र |

## बीउ दर

एक रोपनीको लागि ५०-७५ ग्रामसम्म बीउको आवश्यकता पर्छ। अकबरे खुर्सानीको हाँगाबाट कटिङ्ग लिएर पनि बेर्ना तयार गर्न सकिन्छ।



## मलखाद

एक रोपनीको लागि १५०० के.जी. कम्पोष्ट, ५.५ के.जी यूरिया, ७ के.जी. डि.ए.पी. र ४ के.जी म्यूरेट अफ पोटास राख्नु पर्दछ। आधा भाग युरिया र बाँकी अन्य सम्पूर्ण मल जग्गा तयारी गर्दा राम्ररी माटोमा मिसाउनु पर्दछ। बाँकी आधा भाग युरियालाई दुई भाग गरी बिरुवा रोपेको १८-२१ दिनमा पहिलो पटक र ३५-४० दिनमा अर्को पटक बोटको वरिपरि औंठी आकारबाट ५ से.मी. गहिरो कुलेसो बनाई हाल्ने र राम्ररी माटोले पुरी आवश्यकता अनुसार सिंचाई गर्नु पर्दछ।



बेर्ना सार्ने बेलाभन्दा एक हप्ता अगाडि प्रतिबोट कम्पोष्ट १ के.जी., डि.ए.पी १० ग्राम, पोटास ५ ग्राम, युरिया १० ग्राम, जिंक सल्फेट १ ग्राम, बोरेक्स १ ग्राम १ घनफिटको खाल्डो बनाई यी सम्पूर्ण मल हाली माटोमा मिसाई बिरुवा रोप्दा राम्रो हुन्छ।

## जग्गा तयारी



२-३ पटक राम्ररी खनजोत गरी झारपात निकालेर जग्गा तयारी गर्नु पर्दछ। वर्षाको समयमा पानीको राम्रो निकासको प्रबन्ध मिलाउनु पर्दछ। खुर्सानीमा पानी जम्नु हुँदैन। सकभर ड्याङ्ग बनाई लगाउनु पर्दछ।

## रोप्ने दूरी

मौसमी उत्पादनको लागि (फागुन-असार)
हारदेखि हारसम्म – ६० से.मी.
बोट देखि बोटसम्म – ३० से.मी. (हिउँद) र ४५ से.मी. (वर्षात)
बेमौसमी उत्पादनको लागि (असार–कार्तिक)
हारदेखि हारसम्म – ८० से.मी.
बोट देखि बोटसम्म – ६० से.मी.



## रोप्ने तरिका

बेर्ना सकभर बेलुकीपख सार्नु पर्दछ। बेर्ना सारेपछि ४-५ दिन झारी वा हजारीले नियमित पानी हाल्नु पर्छ। वर्षात् मौसममा लगाउँदा २००० र हिउँदमा लगाउँदा ३००० बोट प्रति रोपनीका दरले लगाउँदा राम्रो हुन्छ।



## गोडमेल र सिंचाई

युरिया मल टप ड्रेस गर्नुभन्दा पूर्व गोडमेल गर्नु राम्रो हुन्छ। बेर्ना सारेको करिब २०-२५ दिनमा पहिलो गोडाई र ३५-४० दिनमा अर्को गोडमेल गर्न सकिन्छ। फल टिप्न थालेपछि टिपाई पछि गाईभैसीको गहुँत संकलन गरी एक भाग गहुँतमा ५ भाग पानी मिसाई हरेक बोटलाई राम्ररी भिज्ने गरी ५०-१०० एम.एल. का दरले बोटको वरिपरि स्प्रे गर्नु उत्तम हुन्छ। सुख्खा मौसम भएमा आवश्यकता अनुसार २-३ चोटी सिंचाई दिनु उत्तम हुन्छ। थोपा सिंचाई प्रविधि खुर्सानी खेतीका लागि उत्तम मानिन्छ।



## कीराहरु र यसको व्यवस्थापन

**थ्रिप्स** - नुभान १ एम.एल. प्रति लिटर पानीमा मिसाई ५ दिनको फरकमा ३ पटक छर्ने र छरेको ५ दिन सम्म फल नटिप्ने।
**फेद कटुवा** - बेर्ना सार्दा मालाथियन धुलो २ के.जी. प्रति रोपनीका दरले माटोमा मिसाएमा जरा तथा फेदमा आक्रमण गर्ने कीराको प्रकोप न्युनिकरण हुन्छ।
**गवारो** - थ्रिप्सलाई गर्ने उपचार जस्तै गरेर यसको नियन्त्रण गर्न सकिन्छ।



## रोगहरु र यसको निदान

**एन्थ्याकनोज** - डाइथेन एम ४५ वा ब्लाइट्क्स ५० विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने।
**डढुवा रोग** - डाइथेन एम ४५ वा ब्लाइट्क्स ५० विषादी छर्ने।
**गुजमुजे भाइरस रोग** - यो रोग लाही कीराबाट सर्ने भएकोले नुभान स्प्रे गरी लाही नियन्त्रण गर्न सकिन्छ।



## सरदर उत्पादन

एक रोपनीमा सरदर अकबरे खुर्सानीको हरियो वा पाकेको फल ३५०-४५० के.जी.सम्म उत्पादन लिन सकिन्छ। यसलाई सुकाएर पनि विक्री गर्न सकिन्छ। समय समयमा घाममा सुकाई लामो समयसम्म यसको भण्डारण गर्न सकिन्छ।



## सन्दर्भ सामाग्री

तरकारी खेती प्रविधि-२०६८, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाडौं।